मध्यपश्चिम विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

**मौका परीक्षा २०८२**

**विषय: नेपा.५२२ नेपाली लोकसाहित्य** पूर्णाङ्क: ६०

**तह: स्नातकोत्तर** सेमेष्टर: दोस्रो समय: ३ घण्टा उत्तीर्णाङ्क : ३०

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर लेख्नुपर्नेछ ।*

**तल दिइएका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् :** **१०×१=१०**

१. 'गण्डकीका सुसेली' नामक पुस्तकका लेखक को हुन् ?

२. 'नाच्न नजान्ने आँगन टेढो' लोकसाहित्यको कुन भेदभित्र पर्छ ?

३. 'देउसी' र 'भैलो' लोकगीतको कुन भेदभित्र पर्दछन् ?

४. 'घुँडा टेक्नु' लोकसाहित्यको कुन भेदको उहाहरणभित्र पर्दछ ?

५. 'बागीना' को पूरा रूप लेख्नुहोस् ।

६. वि.सं.१९९६ मा प्रकाशित 'नेपाली दन्त्यकथा' शीर्षकको पुस्तकका सङ्कलकको नाम लेख्नुहोस् ।

७. 'नेपाली लोकगीत सङ्ग्रहालय' को स्थापना कहिले भएको हो ?

८. 'नेपाली लोकसाहित्य' नामक पुस्तकका रचनाकार को हुन् ?

९. लोकसाहित्यप्रधान पत्रिका 'डाँफेचरी' को प्रकाशन वर्ष कुन हो ?

१०. 'श्रीनन्दको चाँचरी' लोकगाथाका सङ्कलकको नाम लेख्नुहोस्।

**कुनै तीन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :** **३×८=२४**

११. गाउँखाने कथाको परिचय दिई यसका प्रमुख विशेषताहरूसमेत देखाउनुहोस् ।

१२. लोककथा र आधुनिक कथामा पाइने समानता र असमानताहरू केलाउनुहोस् ।

१३. लोकगीतको परिचय दिई तीज गीत र असारे भाकालाई उदाहरणसहित चिनाउनुहोस् ।

१४. लोकसाहित्य र लिखित साहित्यमा पाइने समानता र भिन्नताहरू उल्लेख गर्नुहोस् ।

**कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** **२×१३=२६**

१५. लोकगाथातत्वका आधारमा 'श्रीनन्दको चाँचरी' लोकगाथाको विश्लेषण गर्नुहोस् ।

१६. लोकनाटकतत्वका आधारमा 'सोरठी' लोकनाटकको विश्लेषण गर्नुहोस् ।

१७. लोकसाहित्यको विधागत वर्गीकरण गरी यसका प्रमुख विशेषताहरूसमेत देखाउनुहोस् ।